नेपाली राजदूतावास
EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

EMBASSY OF NEPAL WASHINGTON D.C.

मितिः २०८०/४/९
(अगष्ट १४, २०२३)

## कोलोराडो राज्यमा संचालन हुने कन्सुलर सेवा शिविर सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाली राजदूतावास, वाशिङ्गटन, डि.सी. ले कोलोराडो राज्यको **Westminster** स्थित देहायको स्थान, मिति र समयमा त्यस क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायलाई लक्षित गरी कन्सुलर सेवा शिविरमार्फत राहदानी नविकरणको सेवा प्रदान गर्ने कार्यक्रम तय गरेकोले उक्त मिति र समयको लागि अनलाइन आवेदन भरी appointment लिएर **राहदानी नविकरण**को सेवा लिन राजदूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

### कन्सुलर सेवा शिविर आयोजना हुने स्थान, मिति र समय

**कोलोराडो (Colorado)**

स्थानः **Drury Inn and Suites**
**10393 Reed Street, Westminster 80021**

मितिः **सेप्टेम्बर २ -५, २०२३**

समयः **बिहान ९ बजेदेखि साँझको ५ बजेसम्म (दिउँसो १-२ बजेसम्म Lunch Break)**

### विद्युतीय राहदानी (e-Passport) नविकरणका लागि फाराम (online application) भर्ने तथा appointment लिने तरिकाः

- सर्वप्रथम आफ्नो कम्प्युटर/ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" छनौट गर्नु पर्नेछ।
- https://emrtds.nepalpassport.gov.np/ मा गई **Apply for Passport** छनौट (Select) गरेपश्चात **Renewal /Replacement(Lost/Stolen)** वा हातले लेखेको राहदानी नवीकरणको लागि **First Issuance** छनौट गरी Ordinary 66 pages मा Proceed गर्नु पर्नेछ।
- Appointment Country - Other छनौट (Select) गरी Appointment Location - **NE, Washington DC** छनौट गर्नु पर्नेछ।
- तत्पश्चात् कोलोराडो कन्सुलर सेवा शिविरका लागि मात्र उपलब्ध गराईएको देहायको Appointment Date छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा barcode सहितको PDF फाराम Download गर्नु पर्नेछ। (डाउनलोड गरिएको फारामको दाँयापट्टि छेउमा र Bottom मा बारकोड रहेको देख्न सकिनेछ।)
  कोलोराडो कन्सुलर सेवा शिविरका लागि देहायका मितिमध्ये कुनै एक दिन छनौट गरी appointment लिन सकिनेछः

  **१. सेप्टेम्बर २, २०२३**
  **२. सेप्टेम्बर ३, २०२३**
  **३. सेप्टेम्बर ४, २०२३**
  **४. सेप्टेम्बर ५, २०२३**

- उक्त बारकोडसहितको फारामको Scanned PDF Copy, राहदानी र नागरिकताको फोटोकपी attach गरी August 26 अगावै Verification का लागि दूतावासको इमेल consularcolorado@nepalembassyusa.org मा पठाउनु पर्नेछ।

***फाराम Verify नगरी निवेदकले भरेको Details/Data Retrieve गर्न नसकिने र सो नभई Biometrics लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्य रुपमा August 26 भित्र दूतावासमा पठाउनुपर्नेछ। अन्यथाः शिविरबाट सेवा प्राप्त गर्न सकिने छैन।***

- डाउनलोड गरिएको फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित माथि उल्लिखित तोकिएको स्थान र समयमा आवेदक स्वयम् उपस्थित हुनुपर्नेछ।

**२. विद्युतीय राहदानी (e-Passport application) का लागि शिविरमा आउँदा ल्याउनुपर्ने आवश्यक कागजातहरुः**

- सक्कल नागरिकता र सोको प्रतिलिपि।
- नाबालकको हकमा नाबालक परिचयपत्र तथा बाबु र आमा को नागरिकताको प्रतिलिपि।
- सक्कल राहदानी र सोको प्रतिलिपि।
- Biometrics का लागि रीतपूर्वक अनलाईन फाराम (https://emrtds.nepalpassport.gov.np/) भरी सोको बारकोड सहितको प्रिन्टआउट प्रति।
- राहदानी दस्तुर देहायबमोजिम हुनेछः

| Services | Payment with Debit Card | Payment with Credit Card |
|---|---|---|
| Passport 66 Pages | $153.00 | $150 + 3% |
| Minor's Passport (under 10 years) | $76.75 | $75 + 3% |
| Passport Lost/Damaged | $306.00 | $300 + 3% |
| Passport Lost/Damaged (Minor under 10 years) | $153.00 | $150 + 3% |

नोटः ***राहदानी दस्तुर डेबिट कार्ड वा क्रेडिट कार्डबाट मात्रै भुक्तानी गर्न सकिनेछ।***

- नयाँ राहहदानी प्रिण्ट भई राजदूतावासले राहदानी विभागबाट प्राप्त गरिसकेपछि सम्बन्धित आवेदकको ठेगानामा पठाउन पहिले नै पैसा तिरीसकेको आफ्नो पूरा ठेगाना लेखेको फिर्तिखाम (Self Addressed Prepaid Return Envelope) ।

राहदानी सेवा सम्बन्धी अन्य प्रक्रिया, आवश्यक कागजात दूतावासमा नियमित आवेदन दिँदा गरिने प्रक्रिया सरह हुनेछ । विस्तृत जानकारीको लागि https://us.nepalembassy.gov.np/passport/ मा गई हेर्न सकिनेछ।

थप जानकारी आवश्यक भएमा कोलोराडोमा रहनुभएका देहायका सम्पर्क व्यक्ति वा नेपाली राजदूतावासमा सम्पर्क गर्न सकिनेछः

**स्थानीय सम्पर्क व्यक्तिहरु**

Prakash Poudel, President NRNA Colorado Chapter, Cell No.- (303) 250-6323

Ram Chandra (RC) Panta, NRNA Colorado Chapter Immediate Past President,
Cell No.- (720) 412-7990

Jagadish Dhakal, Nepali Ghar, Cell No.- (303) 7047528

###